प्यूठान नगरपालिका

# प्यूठान नगरकार्यपालिकाको कार्यालय

बिजुवार, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल ।

## अनुसूची-२ क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

### नदीजन्य पदार्थको विक्रीका लागि हार्डकपी बोलपत्र आव्हान सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित सूचना मिति २०८३/०६/२८)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस प्यूठान नगरपालिका वा आर्थिक ऐन,२०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्यूठान नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही खुल्ला बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र वापतको शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/REV/MUN /२०८३/०८४ | नाका-१ बेलुवा-खैरा घाट, भलावाङ,गोलापुर र बेलुवा घाट तल्लो (सिमाना:क्वाडी पक्की पुलदेखि तल असिवगर विजुवार: सिमाना बाग्दुला पक्की पुलदेखि क्वाडी पक्की पुलसम्म । | २३७१६.९ | ६७००४९०.११२ | कबोल अंङ्कको ५ प्रतिशत | ३००० | |
| २ | ०२/REV/MUN /२०८३/०८४ | नाका-२ टिकुरी बस पार्क क्षेत्र: सिमाना ) बाग्दुला पक्की पुलदेखि विजुवार पक्की पुल सम्म) | १००६१.३ | २८४२५१२.८२६ | कबोल अंङ्कको ५ प्रतिशत | ३००० | |

**सर्तहरुः**

फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा .नेपाल बैंक लिमिटेड शाखा कार्यालय बिजुवारमा रहेको यस कार्यालयको राजस्व खाता नं.२८१०३०००००१००१०००००१ तथा राजस्व शीर्षक नं १४२४९ साथ निवेदन मिति २०८३/०७/०९ गते दिनको १२ बजेभित्र हार्डकपी बोलपत्र पेस गर्न चाहने बोलपत्रदाताले यस कार्यालयबाट बोलपत्र सम्बन्धी कागजातहरू खरिद तथा डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ।

दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड बिजुवारमा रहेको धरौटी खाता नं.२८१०३०००००३००००००००१ ग ३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र ठेक्काको नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खामसाथ पेस गर्नुपर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

प्यूठान नगरपालिका

# प्यूठान नगरकार्यपालिकाको कार्यालय

बिजुवार, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल।

---

खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाईटरको नाम, ठेगाना,मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति २०८३/०७/०९ गते दिउसो १२ बजेभित्र बोलपत्र पेस गरिसक्नुपर्नेछ। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेस गर्ने अन्तिम मिति २०८३/०७/०९ गते दिउसो २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ। म्याद नाघी, रीत नपुगी वा सर्तसहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिनभित्र सम्झौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्यसम्पादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य सम्पादन जमानत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने नगद रकममा मू.अ.क. समेत मिति २०८३/१२/३० गतेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दव्वस्त गरिनेछ। नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएको कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा कार्यविधि,मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : www.pyuthanmun.gov.np मा समेत हेर्न सकिनेछ।

२०८३/०६/२८

............................

प्रेम नारायण पौडेल

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत